नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ती

- सार्वजनिक खरिद कार्यलाई व्यवस्थित बनाउने र उपभोक्ता समितिले गर्ने सार्वजनिक निर्माण कार्यका सम्बन्धमा विभिन्न सरोकार निकाय, व्यक्ति संघसंस्थाबाट शहरी विकास मन्त्रालयमा विभिन्न राय र सुझावहरु प्राप्त भईरहेका छन् ।
- महालेखा परीक्षकको ५७औं र ५८औं प्रतिवेदनले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउने तथा उपभोक्ता समितिहरु मार्फत हुने सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण र सुनुवाईको व्यवस्था अवलम्बन गरी सम्पन्न योजनाको सञ्चालन र मर्मत समेत उपभोक्ता समितिले लिने गरी हस्तान्तरण गर्नुपर्ने सुझाव दिएको छ ।
- यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरुमा समेत उपभोक्ता समितिबाट भएका कार्यहरु प्रभावकारी नभएको र यसले भ्रष्टाचार वृद्धि गर्न सहयोग पुऱ्याएको तर्फ इङ्गित भएको देखिन्छ ।
- यसका साथै मन्त्रालय/विभागबाट विभिन्न कार्यक्रमहरु अनुगमनका क्रममा उपभोक्ता समितिबाट भएका/गरेका कार्यहरु प्रभावकारी नदेखिएको गुणस्तरमा ध्यान नदिइएको र विभिन्न किसिमका अनियमितताले प्रश्रय पाएको भन्ने आम वुझाई रहेको छ ।
- तसर्थ उपभोक्ता समिति मार्फत हुने कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र रोजगार मूलक बनाउने सन्दर्भमा स्पष्ट कार्यविधि तयार गर्न यस मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरी कार्य अगाडी बढाइएको र कार्यविधि नवनेसम्म यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट हुने खरिद कार्य उपभोक्ता समिति मार्फत गराउन तत्काल रोक लगाइएको व्यहोरा मिति २०७८।०७।१४ को नेपाल सरकार (मन्त्रिस्तरीय) निर्णयानुसार सवैको जानकारीका लागि अनुरोध गरिन्छ ।

२०७८/७/१६

(विष्णु प्रसाद शर्मा)
प्रवक्ता एवं सहसचिव

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्सः ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेवसाइटः www.moud.gov.np